नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७८-०१-०२

# प्रेस विज्ञप्ती

१. **काठमाडौं महानगरपालिका -११, त्रिपुरेश्वर स्थित ओम सर्जिकल कन्सर्न प्रा.लि. (स्थायी लेखा नं. ६०१८७०५१४) का संचालक तथा भन्सार प्रतिनिधि समेत ४ जनाले राजस्व चुहावट गरेको अभियोगमा रु. १,०६,७२,९०९।८१ (अक्षरेपि एक करोड छ लाख बहत्तर हजार नौ सय नौ र पैसा एकासी मात्र) विगो जफत एवं असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७८।०१।०२ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

प्राप्त सबै सवुद प्रमाणबाट ओम सर्जिकल कन्सर्न प्रा.लि. (स्थायी लेखा नं. ६०१८७०५१४) का संचालक दल बहादुर भण्डारी समेत तथा भन्सार प्रतिनिधि रामबाबु जमकटेलले आपसी मिलेमतोमा न्यूनतम मूल्यको गलत कागजात तयार गरी सोही बमोजिम वास्तविक भन्दा फरक मालवस्तु भन्सार घोषणा गरी आंफुहरुलाई फाईदा र नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने मनसाय तथा योजनाका साथ कार्य गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को खण्ड (क), (ख), (च) र (छ) बमोजिम राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा विगो **रु. १,०६,७२,९०९।८१ (अक्षरेपि एक करोड छ लाख बहत्तर हजार नौ सय नौ र पैसा एकासी मात्र)** कायम गरी उक्त फर्मका संचालक तथा भन्सार प्रतिनिधिलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (ख), २३(२) र २३ (४) वमोजिम विगो रकम जफत एवं असुल उपर गरी जरिवाना र कैद सजाय हुन मागदावी लिई मिति २०७८।०१।०२ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**